# साप्ताहिक गतिविधि

वर्ष २ अङ्क १६ २०७७ बैशाख २२ सोमबार


## सम्पादकीयः

### कोरोनासँगै योजना तर्जुमा

हाल विश्वभर महामारीको रुपमा कोरोना भाइरस फैलिरहेको छ। भाइरसकै कारण कतिपयको ज्यान समेत गएको छ भने विश्वभर लाखौं प्रभावित छन् । भाइरसबाट थप क्षति नहोस् भनेर उच्च सर्तकता अपनाउन नेपालमा पनि लकडाउन जारी गरिएको छ ।

लकडाउनका कारण चालु आर्थिक वर्षको योजना कार्यान्वयन प्रभावित हुँदा अर्थतन्त्रमा नकारात्मक असर पर्ने निश्चित छ । विकासे अड्डा र स्थानीय तहहरुको लागि तेस्रो चौमासिक अवधि योजना कार्यान्वयनको महत्वपूर्ण अवधि मानिन्छ । सालबसाली रुपमा सम्पन्न गर्नुपर्ने कतिपय आयोजनाहरु अन्तिम चरणमा पुगे पनि कति सुरु नै हुन सकेका छैनन् । त्यसैले पनि निर्माणाधीन विकास आयोजनाहरु लकडाउनका कारण प्रभावित हुन पुगेका हुन् ।

संवैधानिक तथा कानूनी व्यवस्था अनुसार नेपाल सरकारले जेठ १५, प्रदेश सरकारले जेठ मसान्त र स्थानीय सरकारले असार १० गतेभित्र आगामी आ.व.को बजेट तथा कार्यक्रम पनि ल्याइसक्नुपर्ने हुन्छ । तसर्थ, यतिबेला सरकारी निकायहरु बजेट कार्यान्वयनका साथै नयाँ बजेट तथा कार्यक्रमको गृहकार्यमा पनि जुटिरहेका छन् । स्थानीय तहको हकमा बजेट तथा योजना तर्जुमा दिग्दर्शन अनुसार सिलिङ प्राप्त गर्ने देखि योजना छनौट गरी बजेट प्रस्तुत गर्नेसम्मका ७ चरणहरु पूरा गर्नुपर्ने हुन्छ । जसमध्ये वस्तीस्तरको योजना छनौट सबैभन्दा महत्वपूर्ण हो । वस्तीस्तरमा योजना छनौट गर्दा सामाजिक दूरी कायम गरी, स-साना समूह निर्माण गरी चरणवद्ध रुपमा योजना छनौट तथा तर्जुमा गर्नु हितकर हुनेछ। वस्तीस्तरबाट वडा समिति र समितिबाट विषयगत समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिसम्मको छलफल तथा सभामा प्रस्तुत र पारित गर्दाको अवधिसम्म नै कोरोना सजगकताका आधारमा बजेट ल्याउनु नै अहिलेको बाध्यता र आवश्यकता हो ।




प्रकाशकः

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व)

५ नं. प्रदेश नेपाल

## प्रदेश नं. ५ का सभामुखद्वारा रुकुम (पूर्व)का स्थानीय तह प्रमुखसँग भिडियो कन्फ्रेन्स

*१६ बैशाख २०७७, खाबाङबगर ।*

प्रदेश नं. ५ प्रदेश सभाका माननीय सभामुख श्री पूर्ण बहादुर घर्तिज्यूले रुकुम (पूर्व) जिल्लाका तीनवटै स्थानीय तहसँग भिडियो कन्फ्रेन्समार्फत छलफल गर्नुभएको छ । गत बैशाख १५ गते सोमबारका दिन सभामुख घर्तिले रुकुम (पूर्व)का सिस्ने गाउँपालिका उपाध्यक्ष गोबरधन बुढा, पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष ओमकुमारी शाही मल्ल, भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगर र रुकुम (पूर्वी भाग) जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहन प्रसाद अर्याल र तीनवटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुसँग हाल विश्वभर फैलिरहेको कोरोना भाइरस रोकथामका बारेमा स्थानीय तह र जिल्लामा भएको तयारी तथा गतिविधिका बारेमा जानकारी लिनुभयो।



कन्फ्रेन्स बैठकमा बोल्दै प्रदेश सरकारले कोरोना भाइरस जोखिमसँग जुध्न अधिक तयारी गरिसकेको र स्थानीय स्तरमा पनि सोही अनुरूप तयारी गर्न सुझाउनुभयो । स्थानीय तहमा कोरोना भाइरस रोकथामका लागि अन्तर-तह सहयोग, समन्वय र सहजीकरणको अपरिहार्यता भएकाले सबैसँग सहयोग, समन्वय र सहजीकरणमा विशेष भूमिका खेल्न अनुरोध गर्नुभयो । स्थानीय तह र जिल्लाले आवश्यक स्वास्थ्य सामाग्री र क्वारेन्टाइन तयारी अवस्थामा राख्ने, विदेशबाट आएका व्यक्तिहरुको विवरण नियमित अद्यावधिक गर्ने, भएका कामको विवरण प्रदेश सरकार र केन्द्र सरकारलाई उपलब्ध गराई आपसी सहकार्यमार्फत कोरोनासँग जुध्न आपसी हातेमालो गर्न समेत सुझाउनुभयो ।

कन्फ्रेन्स कार्यक्रममा सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोबरधन बुढाले सिस्ने गाउँपालिकामा क्वारेन्टाइन निर्माण गरी विदेशबाट आएका मानिसहरुलाई राखिएको, राहत वितरण गरिएको र कोरोना प्रतिकार्यका लागि आवश्यक तयारी गरिएको बताउनुभयो । त्यसैगरी पुथा उत्तरगंगा गाउँपालिकाका उपाध्यक्ष ओमकुमारी शाही मल्लले पुथा उत्तरगंगा गाउँपालिकामा खाद्यान्न अभाव हुन नदिन खाद्य डिपोमा चामल भण्डारण गरिएको, क्वारेन्टाइन निर्माण गरिएको, नाका तथा सीमामा स्वास्थ्यकर्मीहरुद्वारा बाहिरबाट आउने व्यक्तिहरुको जाँच भैरहेको बताउनुभयो ।

कन्फ्रेन्स बैठकमा भूमे गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरले भूमे गाउँपालिकाले पनि कोरोना भाइरस जोखिमलाई मध्यनजर गर्दै सबभन्दा पहिले कोरोना भाइरस नियन्त्रण तथा रोकथाम कार्ययोजना बनाएर भूमे गाउँपालिका अघि बढिरहेको बताउनुभयो । विदेशबाट आएका व्यक्तिहरुको Travel History अद्यावधि भैरहेको, क्वारेन्टाइनको निर्माण, आवश्यक स्वास्थ्य सामाग्रीको व्यवस्था, मापदण्ड बनाई राहत वितरण

भैरहेको कुरा अध्यक्ष बुढाले बताउनु भयो । भूमे गाउँपालिकाले कोरोना भाइरस रोग रोकथाम र खाद्यान्नको उपलब्धताका लागि सक्दो तयारी भएको र यसलाई निरन्तरता दिइने बताउनुभयो । रुकुम (पूर्वी भाग) का प्रमुख जिल्ला अधिकारी मोहन प्रसाद अर्यालले समग्र रुकुम जिल्लाको गतिविधि र तयारी बारे जानकारी गराउँदै कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयले स्थानीय तह, प्रहरी लगायत सबै निकाय संघसंस्थासँग समन्वय र सहकार्य गरिरहेको जनाउनुभयो । रुकुम (पूर्व) जिल्लामा कोरोना जोखिमलाई मध्यनजर गर्दै फैलन नदिन सबैलाई आ-आफ्नो घरमा आफै आइसोलेसनमा बस्न अनुरोध गरिएको र प्रभावकारी भएको, क्वारेन्टाइन निर्माण तथा सञ्चालनमा जिल्लाका सबै स्थानीय तह र निकायबाट सहयोग भैरहेको बताउनु भयो। जिल्लामा खाद्यान्न अभाव हुन नदिन खाद्यान्न र अत्यावश्यक सेवालाई निरन्तरता दिइएको र प्राप्त तथ्याङ्क अनुसार करिब १ महिनाको अवधिसम्म खाद्यान्नको अभाव नहुने समेत जानकारी गराउनुभयो ।



## प्रदेश कृषिमन्त्रीद्वारा रुकुम (पूर्व) र रोल्पाका स्थानीय तह प्रमुखसँग भिडियो कन्फ्रेन्स

*१८ बैशाख २०७७, खाबाङबगर ।*

प्रदेश नं. ५, प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका माननीय मन्त्री आरती पौडेलले रोल्पा जिल्ला र रुकुम (पूर्व) जिल्लाका स्थानीय तहका प्रमुखहरुसँग भिडियो कन्फ्रेन्समार्फत छलफल गर्नुभएको छ। गत बैशाख १७ गते सोमबारका दिन मन्त्री पौडेलले रोल्पा जिल्लाका रोल्पा नगरपालिका, रुन्टिगढी गाउँपालिका, माडी गाउँपालिका, परिवर्तन गाउँपालिका, थबाङ गाउँपालिका, लुङ्ग्री गाउँपालिका, त्रिवेणी गाउँपालिका, गंगादेव गाउँपालिका, सुनछहरी गाउँपालिका, सुनिल स्मृति गाउँपालिकाका प्रमुखहरुसँग र रुकुम (पूर्व)का सिस्ने गाउँपालिका, भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकाका प्रमुखहरुसँग मन्त्रालयद्वारा सम्पादित कार्य, मन्त्रालयसँग स्थानीय तहको अपेक्षा र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सम्बन्धमा छलफल गर्नुका साथै सुझावहरु लिनुभएको थियो ।

कन्फ्रेन्स बैठकमा बोल्दै माननीय मन्त्री पौडलेले नेपालको हकमा कोरोनापछिको अर्थतन्त्रमा कृषि र सहकारी क्षेत्रको भूमिका बढेकाले आगामी नीति तथा कार्यक्रम टुक्रे भन्दा पनि दीर्घकालीन प्रभाव पार्ने खालको बनाउने तयारी मन्त्रालयले गरिरहेको जानकारी गराउनुभयो । कन्फ्रेन्समार्फत सबै स्थानीय तहका प्रमुखहरुले कृषि क्षेत्रमा आफ्नो पालिकाले अघि सारेको नीति र सञ्चालित कार्यक्रम, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयद्वारा आफ्नो पालिकामा सञ्चालन भएको योजना तथा कार्यक्रमको प्रगति, पालिकाले मन्त्रालयसमक्ष गरेको अपेक्षा र आगामी बजेट तथा कार्यक्रममा समेटिनुपर्ने विषयमा आफ्नो धारणा राख्नुभएको थियो।

उक्त कन्फ्रेन्स बैठकमा भूमे गाउँपालिकाकोतर्फबाट आफ्नो धारणा राख्दै गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरले भूमे गाउँपालिका स्थापना भई निर्वाचित भएपछि समृद्धिका चार आधार तय गर्दा पहिलो आधार कृषि भएकाले कृषि क्षेत्रको विकासका लागि विशेष योजना र प्राथमिकता रहेको बताउनुभयो । भूमे गाउँपालिकाले कृषिका लागि महत्वकाँक्षी योजनाको रुपमा २८०० मि. उचाईमा रहेको मारिङमा एकीकृत कृषि अनुसन्धान केन्द्रको विकास गर्न लागेको र प्रदेश सरकारले पनि मारिङलाई कृषि र पर्यटनसँग सम्बन्धित योजना तथा कार्यक्रमबाट सहयोग गर्न माग गर्नुभयो । कोरोना सन्त्रासका कारण शहर पसेकाहरु गाउँ फर्कन थालेकोले उनीहरुलाई कृषि पेशामा आकर्षित गर्नु चुनौति रहेको र उक्त जनशक्ति गाउँमै टिकाउन सकेमा शहर र गाउँको जनघनत्व, बजारीकरण र अर्थतन्त्रमा समेत सन्तुलन गर्न सकिने अवसर आएको बताउनुभयो । कन्फ्रेन्समा अध्यक्ष रामसुर बुढा मगरबाट गाउँपालिकामा कृषि तथा पशु विकासका क्षेत्रमा भएका प्रगति, मन्त्रालयद्वारा सम्पादित कार्य र आगामी रणनीतिका साथै गाउँपालिकाले प्रदेश सरकारसँग गरेको अपेक्षा र आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रममा समेट्नुपर्ने विषयहरुमाथि पालिकाको धारणा राख्नुभएको थियो।

*दस्तावेजः*

## मिति २०७७ बैशाख १७ गते बुधबारका दिन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका माननीय मन्त्री आरती पौडेलसँग रोल्पा र रुकुम (पूर्व) जिल्लाका पालिका प्रमुखहरुसँगको भिडियो कन्फ्रेन्स बैठकमा भएको कुराकानीमा भूमे गाउँपालिकासँग सम्बन्धित विषयवस्तुको संक्षिप्त टिपोट

गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरद्वारा प्रस्तुत

**गाउँपालिकाबाट भएका कार्यहरु**

क) कृषि

a. मारिङ कृषि अनुसन्धान केन्द्र

i. कम्पोष्ट मल खाडल ४ वटा निर्माण

ii. कृषि औजार उपकरण खरिद

iii. २ वटा ग्रीन हाउस निर्माण, १ प्लट तरकारी नर्सरी निर्माण

b. कृषि

- ७५ प्रतिशत अनुदानमा दलहन बाली (मसुरो, सिमी, तोरी, भटमास केराउन) बिउ, अन्न अनाजका लागि मकै, गहुँको बीउ कृषकहरुलाई वितरण
- ७५ % अनुदानमा मेशीनरी औजार वितरण (आरी ३७, चक्कु ३१, कैंची ३७, ग्राफ्टिङ टेप ३१) अन्य बाँकी वितरण
- पोषणका लागि करेसाबारी प्रवर्द्धन गर्न २००० तरकारी किट बीऊ वितरण
- तरकारी फलफूल खाद्यान्न बाली उत्पादन सम्बन्धी कृषकहरुलाई ३ दिने तालिम सम्पन्न
- मागमा आधारित ५०% अनुदानमा कृषि व्यवसाय सञ्चालन गर्न व्यक्ति, कृषक समूह सहकारीलाई ४ वटा फलफूल नर्सरी, १० वटा व्यवसायिक तरकारी खेती अनुदान सम्पन्न
- ५२ वटा प्लाष्टिक टनेल, १०५० हलुवा वेद, ४५०० नास्पति साइन, ९६० स्याउको विवरुवा, ७५० दाँते ओखर साइन र ७५ किवीको विरुवा वितरण सम्पन्न, ७५ % अनुदानमा ४० कृषकलाई ४० थान घार, १२ वटा घुम्ती, आधार चाका ४ किलोग्राम र १२ जोडा पञ्जा र क्वीन गेट १० वटा वितरण
- ६ वटा घुम्ति तालिम र १ पालिकास्तरीय तालिम सम्पन्न
- ७ साना सिंचाई पोखरी निर्माण र ३ माछा पोखरी निर्माण, खाबाङबगर र चुनबाङमा कृषि उपज संकलन केन्द्र भवन निर्माण भएको छ । आगामी आर्थिक वर्षदेखि सहकारीमार्फत सञ्चालनमा ल्याइने
- कृषि व्यवसाय प्रवर्द्धन र उत्पादकत्व वृद्धि तथा वास्तविक कृषक पहिचानका लागि कृषि सर्वेक्षण प्रक्रियामा रहेको

ख) पशुपंक्षी

a. जुनोटिक रोग सम्बन्धी स्कुल शिक्षा सम्पन्न, ७५ प्रतिशत अनुदानमा ३ वटा उन्नत राँगा वितरण
b. बंगुरको बीर खरिद तथा वितरण ३ वटा सम्पन्न, आन्तरिक तथा बाह्य परिजीवी नियन्त्रण तथा उपचार सम्बन्धी कार्य नियमित भैरहेको

ग) सहकारी

a. गाउँपालिकामा दर्ता भएका सहकारी ३ सहकारी डिभिजन दाङबाट हस्तान्तरित ९ गरी जम्मा १२ वटा सहकारी
b. अघिल्लो आर्थिक वर्षमा गाउँपालिकामा कार्यक्षेत्र भएका सबै सहकारी संस्थाहरुलाई ७ दिने सहकारी लेखा तथा व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न
c. सबै सहकारी संस्थाहरुको संस्थागत विकासका लागि टेबुल, दराज, कम्प्यूटर उपलब्ध गराइएको ।
d. सहकारीलाई व्यवस्थापन प्रणालीसँग टाइ अप गर्न नसकिएको । डिजिटल डिभाइड र सूचना तथा सञ्चार प्रविधिको विकास नहुँदा अनलाईन अद्यावधिक र रिपोर्टिङमा समस्या

**कृषि मन्त्रालयसँग गाउँपालिकाको अपेक्षा**

क) कृषि

a. कोल्ड स्टोर निर्माण
b. मारिङ कृषि अनुसन्धान केन्द्रका लागि पर्यटनसँग जोडेर अनुसन्धान र पर्यटकीय विकासका लागि अनुदान
c. अर्गानिक उत्पादन प्रवर्द्धन कार्यक्रम
d. कृषि वस्तुमा आधारित भ्यालु चेन्ज गरी ड्राइफूट उद्योग सञ्चालनका लागि अध्ययन तथा उद्योग निर्माण सहयोग
e. कृषि थोक बजार, संकलन केन्द्र प्रवर्द्धन सम्बन्धी कार्यक्रम
f. कृषि यन्त्र, पूर्वाधार सहयोग कार्यक्रम
g. रैथाने बाली संरक्षण, बालीनालिको आनुवंशिकी स्रोत संरक्षण सम्बन्धी कार्यक्रम
h. अर्गानिक उत्पादन तथा बजारीकरणका लागि रैथानी बीउ, स्थानीय बाली सम्बन्धी ज्ञान र प्रविधिमूलक कार्यक्रम
i. कृषि विविधिकरण, व्यवसायीकरण तथा औद्योगिकरणका लागि क्षेत्रगत योजना तर्जुमा सहयोग (रणनीतिक योजना)

ख) पशु सेवा

a. भेटेनरी जनस्वास्थ्य, जुनोटिक रोग उपचार कार्यक्रम
b. रेन्बो ट्राउट माछापालन
c. पशुजन्य उत्पादन वृद्धि र बजारीकरण मार्फत पशु उद्योग व्यवसायीकरण प्रवर्द्धन कार्यक्रम
d. पशुपन्छी पालक कृषि उद्यमीको नयाँ प्रविधिसँग सम्बन्धित क्षमता अभिवृद्धि तथा सशक्तिकरण
e. पशुपञ्छी बजार पूर्वाधार, पशु फार्म विकास
f. उन्नत पशु पालन प्रवर्द्धन तथा नश्ल सुधारका लागि AI Center स्थापना
g. ५० भन्दा माथि भेडाबाखा पालन गर्नेलाई अनुदान र बीमाको व्यवस्था
h. सहकारीमार्फत सञ्चालन पशु फार्महरुलाई आवश्यक पूर्वाधार, ठाउँ र हावापानी अनुसारको उन्नत जातको पशु बीउ, दाना घाँसको व्यवस्था

ग) सहकारी

a. कृषि कार्यका लागि ऋण लगानी गर्न सहकारीमार्फत ऋणको व्यवस्था (जस्तो बीउँ पूँजी)
b. उत्पादित वस्तुलाई सहकारीमार्फत संकलन र बजार व्यवस्थापन गर्नका लागि गाडीको अनुदानको व्यवस्था (कृषकको घरमै पुगेर संकलन)
c. सहकारी संस्थाहरुलाई CoPO MIS सम्बन्धी सहकारी हेर्ने कर्मचारी र सहकारीका प्रतिनिधिहरुलाई तालिमको व्यवस्था गर्ने
d. सहकारी दर्ता, विनियम स्वीकृति तथा संशोधन, दर्ता खारेजी, एकीकरण, लेखापरीक्षण, लिक्विडेशन सम्बन्धी कर्मचारीको क्षमता विकास कार्यक्रम

<u>**आगामी कार्यक्रमहरु कस्तो हुनुपर्छ ?**</u>

- सरकारी र निजी क्षेत्रको संयुक्त लगानीमा सार्वजनिक जग्गाको उपयोग गर्ने
- कृषि उद्यमीलाई अनुदान दिने र प्रवर्द्धन गर्ने खालका कार्यक्रम
- प्राङ्गारिक खेती र करार खेती निरन्तरता
- अर्गानिक बाली, तरकारी, फलफूल अनुदान र बजार व्यवस्थापन
- कोरोना सन्त्रासका कारण गाउँ फर्केका युवाहरुलाई गाउँमै टिकाइराख र बाँझो जग्गाको अधिकतम उपयोग गर्ने खालको ठोस योजना कार्यक्रम ल्याउनुपर्ने
- उत्कृष्ट कृषक पुरस्कार
- कृषि प्रदर्शनी मेला
- एक टोल एक प्राविधिक
- बाली तथा पशु बीमा
- कृषि उद्यमी अनुदान तथा प्रवर्द्धन
- स्थानीय उत्पादन ढुवानी अनुदान
- वास्तविक कृषक सहुलियत र अनुदान कार्यक्रम
- बाँझो जग्गामा सामूहिक खेती प्रणालीको विकास
- घर घरमा कम्पोष्ट मल खाडल र करेसाबारी निर्माण कार्यक्रम

<u>**माननीय मन्त्रीज्यूले राखुभएको धारणाको संक्षिप्त बुँदाहरु**</u>

- रुकुम (पूर्व) जिल्लालाई अर्गानिक उत्पादनको जिल्लाको रुपमा चिनाऔं । अर्गानिक कार्यक्रमका लागि प्रस्ताव आव्हान भए बमोजिम जसरी पनि निवेदन पेश गर्ने, छनौट कार्य यसै वर्ष नै हुन्छ ।
- तकसेरमा भेडाको स्रोत केन्द्र बनाउने योजना रहेको छ । रुकुममा कृषि र पशुपंक्षीको एकीकृत कार्यालय खुल्दैछ ।
- सानो सानो अनुदानमा प्रदेश लाग्ने छैन । साना किसानलाई स्थानीय पालिकाले नै चिन्छ तसर्थ प्रदेश सरकारले सशर्त बजेट बनाएर पठाउने छ । त्यसको योजना पालिकाहरुले बनाउनुपर्छ । जस्तो एक घर एक करेसाबारी, पुष्प खेती
- चिस्यान केन्द्र स्थापनाः एक पालिका एक चिस्यान केन्द्र निर्माण हुने भएकाले पालिकाको आवश्यकता पहिचान गरी सिफारिश गरी पठाउने ।
- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमबाट पशुपञ्छी ल्याब बनाउने कुरा भएको थियो । त्यसलाई सम्पन्न गर्नुपर्‍यो
- कृषि र सहकारीलाई साझा बुझाईमा लिने । सहकारीलाई कृषिसँग सँगै ल्याउनुपर्छ ।
- कृषिका लागि पालिकाको विशेष प्राथमिकता हो ? हेर्न र सिक्न लायक स्रोत बनाउने महत्वकांक्षी योजना बनाउनुपर्छ ।
- मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमसँगै गरिबी निवारण कार्यक्रममा एकजनालाई कम्तिमा २० हजार सहयोग गरिनेछ ।
- सुलभ कर्जा कार्यक्रमः कृषकले काम गरेमा ब्याज सरकारले तिर्ने १) सहकारी विकास कोषबाट सहकारीले ब्याज तिरिदिनेछ। कोषको १० गुणासम्म प्रदेशले सहयोग गर्नेछ २) १ करोडको लगानीमा १० प्रतिशतसम्म ब्याज दिने जसका लागि मन्त्रालयले एक जिल्ला एक ऋण सहजकर्ता नियुक्त गर्नेछ । भेटनरी र कृषि सहजताका लागि सिफारिश गर्नेछ ।
- भूमि व्यवस्थाका सम्बन्धमा प्लटिङ रोक्नका लागि ऐन बनाएर व्यवस्थित गर्नुपर्छ ।
- फलफूल पकेट क्षेत्र विषम कार्यक्रमका लागि ज्ञानकेन्द्रसँग सहकार्य गर्नुपर्छ । बाख्रा मिसन कार्यक्रम
- १० लाख सम्म ऋण लगानी (स्थानीय सरकारले सिफारिश गरेमा) एउटा पालिकामा ६ जना प्राविधिक आवश्यक छ । स्थानीय तह जनशक्तिविहिन छ । त्यसलाई पनि प्रदेश सरकारले चासो राखिराखेको छ ।
- सामुदायिक वनमा रहेको जग्गामा कृषि वनको रुपमा विकास गर्न उपयोग गरौं । कृषि वन कार्यक्रम प्रदेश सरकारबाट
- पशु तथा बाली बीमा कार्यक्रम सम्बन्धित जिल्लाका बिमा कम्पनीलाई जिम्मेवारी दिइनेछ ।
- हाम्रो प्रदेश बीउको लागि राम्रो छ । कृषिको बजारीकरणका लागि सहकारीमार्फत गर्नुपर्छ । सरकारले लगानी र रेखदेख गर्नुपर्छ । सहकारीले कम्तिमा ३० प्रतिशत लगानी कृषिमा गर्नुपर्ने कानूनी व्यवस्था ।
- करार खेतीः पालिकासँगको सहकार्यमा गर्ने (रिटायर्ड कर्मचारी, स्थानीय कृषक, इच्छुकलाई जोड्न सकिन्छ)

## रेडियो शिक्षा कार्यक्रम साप्ताहिक समीक्षा




*१९ बैशाख २०७७, खाबाङबगर ।*

नेपाल सरकारद्वारा जारी लकडाउनका कारण प्रभावित शिक्षालाई निरन्तरता दिन तथा एस.ई.ई. परीक्षा दिने विद्यार्थीहरुलाई लक्षित गरी रेडियो पूर्वी रुकुम १०३.४ मेगाहर्जबाट भूमे गाउँपालिकाद्वारा उत्पादन भई बिहान, दिउँसो र साँझ प्रशारण हुने रेडियो शिक्षा कार्यक्रमको साप्ताहिक समीक्षा बैठक भएको छ। बैठकले अघिल्लो हप्ताभन्दा यो हप्तामा कार्यक्रम तुलनात्मक रुपमा प्रभावकारी हुँदै गएको निश्कर्ष निकाल्दै एउटा विषयको कक्षा १५ मिनेटलाई निरन्तरता दिने निर्णय गरेको छ। गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरज्यूको अध्यक्षतामा भएको समीक्षा बैठकमा गाउँपालिका उपाध्यक्ष मनकुमारी बुढा विष्ट, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, शिक्षा अधिकृत कौशल कुमार तिवारी, स्रोत शिक्षकहरु राम बहादुर पुन, झुलप्रसाद गुरुङ, अनिल आचार्य, हरिबहादुर थापा, रामचन्द्र दाहाल, बिशाल गौतम, लोक प्रसाद शर्मा, मोहन बुढा र हिरा बुढाको उपस्थिति रहेको थियो ।

## ५३ औं कार्यपालिका बैठक सम्पन्न



*२१ बैशाख २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको ५३ औं बैठक सम्पन्न भएको छ । कार्यपालिकाले स्थानीय दर रेट निर्धारण, रेडियो शिक्षा कार्यक्रम, बाँझो जग्गाको विवरण संकलन, रासायनिक मल तथा कीटनाशक औषधी निरूत्साहन सम्बन्धी प्रस्तावहरु माथि निर्णय गरेको छ ।

गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुमध्ये पहिलो प्रस्तावमा स्थानीय दर रेट निर्धारण सम्बन्धमा समितिले पेश गरेको मस्यौदालाई अध्ययन गरी कार्यपालिका सदस्यहरुले सुझाव दिने निर्णय गरेको छ । त्यस्तै अन्य प्रस्तावहरु माथि निर्णय गर्दै रेडियो शिक्षा प्रभावकारी भएकाले आवश्यक रकम व्यवस्था गर्ने र रेडियो शिक्षा कार्यक्रम मापदण्ड स्वीकृत गर्ने, कोरोना भाइसर नियन्त्रणका लागि खटिने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई सुरु तलब स्केलको ५० प्रतिशत जोखिम भत्ता उपलब्ध गराउने, बाँझो जग्गा विवरण संकलन गरी बाँझो जग्गा सदुपयोगको उपयुक्त नीति अङ्गिकार गर्ने, गाउँपालिकालाई अर्गानिक गाउँपालिकाको रुपमा विकास गर्न रासायनिक मल तथा कीटनाशक औषधीहरु निरुत्साहन गर्ने निर्णय कार्यपालिकाले गरेको छ ।

गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरको अध्यक्षतामा बसेको बैठकमा कूल १७ जना कार्यपालिका सदस्यहरुमध्ये १५ जना कार्यपालिका सदस्यहरुको उपस्थिति रहेको थियो । बैठकको सञ्चालन तथा सहजीकरण प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठले गर्नुभएको थियो ।

## मिति २०७७।०१।२१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयको संक्षिप्त व्यहोरा

**निर्णय नं. १:**

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम स्थानीय तहहरुले आफ्नो क्षेत्रभिको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनका लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दर रेट आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै स्वीकृत गर्नुपर्ने भएकाले आगामी आर्थिक वर्ष २०७७।०७८ का लागि स्थानीय दर रेट निर्धारण समितिले तर्जुमा गरेको ड्राफ्टमाथि कार्यपालिका सदस्यहरुले अध्ययन गरी अन्य सरोकारवालाहरुसँग समेत छलफल गरी समितिलाई सुझाव पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा हाल विश्वभर फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा प्रतिकार्यका लागि नेपाल सरकारले जारी गरेको लकडाउनका कारण एस.ई.ई. परीक्षा स्थगित हुनुका साथै सबै पठनपाठन ठप्प भएकोले गाउँपालिका शिक्षा समितिको मिति २०७७।०१।०७ को निर्णयानुसार शिक्षा, युवा तथा खेलकूद शाखाको चालु आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रमको खर्च नहुने शीर्षकबाट व्यय हुने गरी एस.ई.ई. लक्षित रेडियो शिक्षा कार्यक्रम मिति २०७७।०१।११ गतेदेखि सञ्चालन भएकोमा तपसिल शीर्षकहरुबाट खर्च गर्ने गरी कार्यक्रम अनुमोदन गरी गाउँपालिकादेखि रेडियोसम्म पुगी सामाग्री रेकर्ड तथा रेडियो शिक्षा कार्यक्रम सञ्चालन गर्न स्रोत शिक्षकहरुको पारिश्रमिक र श्रव्य-दृष्य शिक्षा कार्यक्रम कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्रका सकाहरुका लागि मन्टेश्वरी तालिम | ३००००० | |
| २ | लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम | १५०००० | |
| ३ | शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन | ३८५००० | |
| ४ | शैक्षिक मेला तथा विज्ञान प्रदर्शनी कार्यक्रम आयोजना | ३००००० | |

**स्रोत शिक्षक पारिश्रमिक**

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रति कक्षा वापतको पारिश्रमिक | रु. १२००।- | |
| २ | खाजा खर्च | रु. २००।- | |
| ३ | यातायात खर्च (दैनिक) | प्रचलित यातायात दर बमोजिम | |

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा विश्वभर फैलिरहेको कोरोना रोग (कोभिड-१९) को रोकथाम तथा प्रतिकार्यका लागि नेपाल सरकारले जारी गरेको लकडाउनलाई सबै वडामा प्रभावकारी रुपमा कडाईका साथ पालना गराउन सबै वडा कार्यालयहरूबाट आवश्यक समन्वय र सहजीकरण गर्दै तपसिल बमोजिम गर्नेः

१) हाल गाउँपालिकाबाहिरबाट आएका व्यक्तिहरुलाई निगरानीमा राखी सकेसम्म होम क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने र अटेर गर्ने व्यक्तिलाई सम्बन्धित गाउँ/टोल/वडामा भएको क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने,

२) क्वारेन्टाइनमा आधारभूत आवश्यकता र सुरक्षा सम्बन्धी व्यवस्था सम्बन्धित वडा कार्यालयले मिलाउने व्यवस्था मिलाई क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको नियमित स्वास्थ्य अवस्था र विवरण गाउँपालिकामा नियमित अपडेट गरिराख्ने,

३) वडाका सबै स्वास्थ्य संस्थाहरुबाट आवश्यक औषधी तथा **PPE** सेट लगायत सामाग्रीहरुको व्यवस्था गरी स्वास्थ्य चेक जाँचको व्यवस्था मिलाइएकाले वडा समिति तथा वडा कार्यालयहरुले स्वास्थ्यकर्मीहरु कार्यालयमा नियमित हाजिर भए नभएको, आवश्यक औषधी तथा सामाग्रीहरु भए नभएको यकीन गरी प्रतिवेदन गर्ने,

४) लकडाउनको अवस्थामा चोरी डकैती, बालहिंसा तथा यौन दूर्व्यवहारका घटनाहरु घट्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाई निगरानी समेत गर्ने व्यवस्था मिलाउने।

५) कोभिड-१९ कोरोना भाइरसको संक्रमण जोखिम नियन्त्रणमा नआएसम्म र लकडाउन जारी रहेको अवस्थासम्म स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखी स्थानीय तहमा हुने ठूला जमघट, पूजा चाड पर्व, सामाजिक कार्यहरु, भोजभतेर, उत्सव एवं पर्वहरुमा रोक लगाउँदै त्यस्ता कार्यक्रममा सहमागी नहुन सम्बन्धित वडा कार्यालयले सूचना जारी गरिरहने।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा प्रदेश सरकार, ५ नं. प्रदेशको आर्थिक वर्ष २०७६।०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रम बमोजिम यस गाउँपालिकालाई सशर्त अनुदान पूँजीगततर्फ प्राप्त आयोजनाहरुमध्ये "आधारभूत विद्यालय भवन निर्माण र घेराबार" शीर्षकमा विनियोजित रु. १००००००।– (दश लाख मात्र) रकम श्री आधारभूत विद्यालय भूमे ५ सेराबाङ लाई छनौट गरी तत्काल योजना कार्यान्वयन गर्ने।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा हाल विश्वभर फैलिरहेको कोभिड १९ कोरोना भाइरस नियन्त्रण तथा रोकथामका लागि महामारी अवधिभर खटिने स्वास्थ्यकर्मी तथा अन्य जनशक्तिलाई तपसिल बमोजिम अतिरिक्त भत्ता उपलब्ध गराउनेः

**जोखिम भत्ता मापदण्ड**

१. संक्रमणको आशंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमुना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको सुरु तलबको स्केलको सय प्रतिशत।

२. संक्रमणको आशंका लागि आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीको उपचारमा अप्रत्यक्ष संलग्न र इमेजिङ सेवा प्रदायक जनशक्तिलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केलको ७५ प्रतिशत।

३. प्रयोगशाला परीक्षणका लागि संकलन गरिएको नमुना प्याकिङ तथा ओसारपसारमा संलग्न तथा आइसोलेसनमा राखिएका र संक्रमण पुष्टि भई उपचारत बिरामीको ओसारपसारमा संलग्न सवारीसाधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको सुरु तलब स्केलको ५० प्रतिशत।

४. कोभिड-१९ परीक्षण गर्ने प्रयोगशालामा कार्यरत जनशक्तिमध्येको प्रत्यक्ष रूपमा परीक्षण तथा प्रमाणीकरणमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको सुरु तलब स्केलको १०० प्रतिशत।

५. कोभिड-१९ का बिरामीसँग सम्पर्कमा आएकाको खोजी र परीक्षणमा खटिएका स्वास्थ्यकर्मीलाई १०० प्रतिशत भत्ता

६. महामारी अवधिभर स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीलाई (जहाँ सेवाग्राही कोरोना वा जुनसुकै स्वास्थ्य समस्याको उपचार वा परामर्श लिन सक्छन्) ५० प्रतिशत

७. कोरोना नियन्त्रण तथा रोकथाममा सहयोग पुऱ्याउने जनशक्तिलाई नेपाल सरकारले तोकेको सुरु तलब स्केलको ५० प्रतिशत।

**जोखिम भत्ता प्राप्त गर्न पुऱ्याउनुपर्ने प्रक्रिया**

१. काममा खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी,

२. क्वारेन्टाइनको हकमा क्वारेन्टाइनमा बसेका व्यक्तिको अभिलेख, जाँच गरेको कागजात
३. फिभर (ज्वरो) क्लिनिकका हकमा फिभर क्लिनिक सञ्चालन गरेको प्रमाण तथा फिभर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण,
४. उपचारमा संलग्न जनशक्तिका हकमा सुरु परीक्षण गरेका, आइसोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भएर उपचार गरेका बिरामीको विवरण,
५. इमेजिङ सेवा प्रदायकका हकमा कोभिड-१९ का शंकाष्पद तथा पुष्टि भएका बिरामीलाई इमेजिङ सेवा प्रदान गरेको विवरण,
६. प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिका हकमा नमुना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा हाल विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट गत चैत्र ११ गतेदेखि जारी गरिएको लकडाउन निरन्तर चलिरहेको र यो अवस्थामा सामाजिक दूरी कायम गेरर मात्र आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले तपसिल बमोजिमका शीर्षकहरुमा विनियोजित रकम कोरोना प्रतिकार्य रोकथाम तथा नियन्त्रणका लागि स्वीकृत कार्यक्रम र कार्ययोजना बमोजिम खर्च गर्ने गरी प्रकोप व्यवस्थापन कोष खातामा रकम ट्रान्सफर गर्नेः

**तपसिल**

| क्र. सं. | खर्च शीर्षक नं. | खर्च शीर्षक | विनियोजित रकम | घटाउने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | घरेलु तथा साना उद्योग माग र औचित्यमा आधारित प्रवर्द्धन कार्यक्रम | २२५२२ | १०००००० | ७००००० | |
| २ | आदिवासी जनजाति लक्षित कार्यक्रम | २२५२२ | २८७००० | २८७००० | |
| ३ | पर्यटन प्रवर्द्धन कार्यक्रम | २२५२२ | ५००००० | ३००००० | |
| ४ | सहकारी क्षमता विकास कार्यक्रम | २२५१२ | ४००००० | ४००००० | |
| ५ | सुशासन प्रवर्द्धन रणनीति कार्यान्वयन | २२५२२ | ६००००० | ५००००० | |
| ६ | स्थानीय भाषा संस्कृति संरक्षण तथा पर्वर्द्धन कार्यक्रम | २२५२२ | १५००००० | १५००००० | |
| ७ | युवा विकास तथा खेलकूद कार्यक्रम | २२५२२ | १७००००० | ७००००० | |
| ८ | सेवा र परामर्श खर्च | २२४११ | १३००००० | १३००००० | |
| ९ | अन्य भ्रमण खर्च | २२६१९ | ४००००० | ४००००० | |
| १० | पर्यटन क्षेत्र गुरुयोजना | ३११३५ | १५००००० | १५००००० | |
| ११ | दृष्यावलोकन स्थल निर्माण सम्भाव्यता अध्ययन | ३११३२ | १०००००० | १०००००० | |
| १२ | आदिवासी जनजाति संग्रहालय विस्तृत परियोजना निर्माण | ३११३५ | १५००००० | १५००००० | |
| १३ | विपद् व्यवस्थापन क्षमता विकास कार्यक्रम | २२५२२ | ५०००० | ५०००० | |
| १४ | भेरिडाँडा संग्रहालय गुरुयोजना निर्माण | ३११३५ | १५००००० | १५००००० | |

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ का सम्बन्धमा छलफल गर्दा विश्वभर फैलिरहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको लकडाउनका कारण मजदुर, असहाय र विपन्न परिवारको दैनिक छाकमा प्रभावित पर्न सक्ने भएकाले अतिविपन्न तथा मजदुरहरुलाई मापदण्ड बमोजिम राहत वितरण गर्ने र प्रत्येक व्यक्तिलाई मास्क र साबुन वितरण गर्ने कार्यपालिकाको निर्णयानुसार राहत वितरण भई खर्च सोधभर्ना तथा भुक्तानीका लागि पेश भएको तपसिल बमोजिमको खर्च भुक्तानी गर्ने निर्णय गरियोः

**तपसिल**

| वडा नं. | राहत वितरण संख्या | मास्क तथा साबुन प्राप्त गर्ने परिवार संख्या | भुक्तानी हुने रकम रु. |
|---|---|---|---|
| ९ | | | |
| ६ | | | |

**निर्णय नं. ८:**

प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल गर्दा भूमे गाउँपालिका अन्तर्गतका गाउँ टोलहरुमा स्थानीय परम्परागत रीति, रिवाज, चालचलनमा क्रमिक रुपमा आएको विकृतिलाई रोकी प्रथा परम्परा मौलिक संस्कृतिलाई जोगाइ राख्न र रीति रिवाजलाई व्यवस्थित गर्न स्थानीय संहिता कानून बनाई पेश गर्न विधायन समितिलाई सैद्धान्तिक सहमति दिने ।

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ का सम्बन्धमा छलफल गर्दा गाउँपालिका क्षेत्रभर रहेका बाँझो जग्गा सदुपयोग गर्ने नेपाल सरकारको नीति बमोजिम भूमे गाउँपालिकामा खेतीयोग्य जग्गा के कति रहेका छन् सोको विवरण अद्यावधिक गर्न आवश्यक भएकाले सबै वडा समितिका प्रतिनिधिहरुले वडामा रहेका बाँझो जग्गाको विवरण संकलन गरी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने व्यवस्था मिलाउने ।

**निर्णय नं. १०:**

प्रस्ताव नं. १० का सम्बन्धमा छलफल गर्दा "अर्ग्यानिक उत्पादन भूमेको पहिचान" भन्ने नारा बमोजिम भूमे गाउँपालिकामा रासायनिक मल तथा कीटनाशक औषधी निरुत्साहित गरी अर्ग्यानिक उत्पादनलाई प्रोत्साहन गर्न कीटनाशक औषधी तथा रासायनिक मल भित्र्यन र प्रयोग गर्न नदिन सबै वडा कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने ।

## भूमे कोरोना रोकथाम तथा नियन्त्रणका लागि रकम सहयोग

*२१ बैशाख २०७७, खाबाङबगर ।*

विश्वभर फैलिरहेको नोभल कोरोना भाइरस पूर्वतयारी तथा प्रतिकार्यका लागि गठित गाउँपालिकास्तरीय समन्वय समितिको बैठकको निर्णयानुसार स्थापित "भूमे कोरोना रोकथाम तथा नियन्त्रण कोष" खातामा सहयोग प्राप्त भएको छ ।



भूमे गाउँपालिकाभरका निर्माण व्यवसायीहरुले संयुक्त रुपमा भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठलाई रु. ३०,०००।– (तीस हजार मात्र) हस्तान्तरण गरेका छन् । भूमे गाउँपालिकाका आमोल निर्माण सेवा प्रा.लि., खाम बिल्डर्स प्रा.लि., सन्तोष निर्माण सेवा, स.जि.स. निर्माण सेवा, ब्लू माउन्टेन सेवा, गडिल निर्माण सेवा, नविन इन्फोटेक, सनलाइट इन्जिनियरिङ, जय विकास निर्माण सेवा, प्रभात निर्माण सेवाले कोरोना राहत कोषमा संयुक्त रुपमा सहयोग गर्नुभएको हो ।

गाउँपालिकाको कोरोना नियन्त्रण तथा प्रतिकार्य योजना कार्यान्वयनका लागि हालसम्म प्राप्त सहयोग

| क्र.सं. | प्राप्त मिति | योगदान गर्ने व्यक्ति/संस्थाको नाम | जिल्ला | न.पा./गा.पा. | वडा | टोल | कार्यरत, पद | रकम | जिन्सी सहयोग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६।१२।१६ | भूमे गापाबाट | रुकुम (पूर्व) | भूमे गाउँपालिका | - | - | | १००००० | | |
| १ | २०७६।१२।१६ | रामसुर बुढा मगर | रुकुम (पूर्व) | भूमे गाउँपालिका | २ | काँक्री | गाउँपालिका अध्यक्ष, भूमे गाउँपालिका | ५००० | | |
| २ | २०७६।१२।१६ | चन्द्रसिंह श्रेष्ठ | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ३ | झुम्लाबाङ | प्र.प.अ., भूमे गाउँपालिका | १०००० | | |
| ३ | २०७६।१२।२० | रुकुमकोट उद्योग वाणिज्य संघ | रुकुम (पूर्व) | | | रुकुमकोट | डिटोल साबुन - 25, मास्क - ५०० Pc | | | |
| ४ | २०७६।१२।२० र २१ गते | जिल्ला समन्वय समितिको कार्यालय | रुकुम (पूर्व) | (नेपाल सरकार र प्रदेश सरकार) | | रुकुमकोट | मास्क ११५० Pc, PPE Set - ७, Gloves - 100 Pcs. | | | |
| ५ | २०७६।१२।२२ | पञ्चबहादुर रोका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ८ | कोर्जा | ८ नं वडाध्यक्ष, भूमे गाउँपालिका | २००० | | |
| ६ | २०७६।१२।२२ | देव बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | ६ नं वडाध्यक्ष, भूमे गाउँपालिका | २००० | | |
| ७ | २०७६।१२।२२ | नर बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | २ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १५०० | | |
| ८ | २०७६।१२।२२ | रामचन्द्र पुन | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | १ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १५०० | | |
| ९ | २०७६।१२।२२ | मनकुमारी बुढा विष्ट | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ९ | चुनबाङ | गाउँपालिका उपाध्यक्ष, भूमे गाउँपालिका | ३००० | | |
| १० | २०७६।१२।२२ | मनकुमारी बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 7 | लाबाङ | कार्यपालिका सदस्य, भूमे गाउँपालिका | १००० | | |
| ११ | २०७६।१२।२२ | मीना सुनार | रुकुम (पूर्व) | भूमे गाउँपालिका | 6 | महत | कार्यपालिका सदस्य, भूमे गाउँपालिका | १००० | | |
| १२ | २०७६।१२।२२ | उपेन्द्र यादव | धनुषा | औरही गाउँपालिका | 2 | देउरी | स्वास्थ्य संयोजक, भूमे गाउँपालिका | ५००० | | |
| १३ | २०७६।१२।२८ | श्याम सुन्दर सदार | रुकुम (पूर्व) | भूमे गाउँपालिका | २ | काँक्री | कार्यपालिका सदस्य, भूमे गाउँपालिका | १५०० | | |
| १४ | २०७६।१२।२८ | धनमान रोका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ७ | लाबाङ | ७ नं वडाध्यक्ष, भूमे गाउँपालिका | ३००० | | |
| १५ | २०७६।१२।२८ | टेक प्रसाद बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ५ | सेराबाङ | ५ नं वडाध्यक्ष, भूमे गाउँपालिका | २००० | | |
| १६ | २०७६।१२।२८ | भीम बहादुर नेपाली | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ९ | चुनबाङ | ९ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १००० | | |
| १७ | २०७६।१२।२८ | चङ्ख बहादुर बुढा मगर | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ४ | काँडा | ४ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १००० | | |
| १८ | २०७६।१२।२८ | भीम बहादुर बुढा | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ४ | काँडा | ४ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १००० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | २०७६।१२।२८ | सञ्जिव खड्का | रुकुम (पश्चिम) | मुसिकोट नपा | ४ | सोलाबाङ | ४ नं वडाध्यक्ष, मुसिकोट नपा | ३००० | | |
| २० | २०७६।१२।२८ | नेपाल जनजागरण मञ्च | रुकुम (पश्चिम) | | | मुसिकोट | धारा भएको बाल्टी सानो - ५ थान, हाते स्प्रे ट्याङ्क (५ लि.) - ५ थान, साबुन ५००, सानो स्यानिटाइजर - १० वटा | | | |
| २१ | २०७६।१२।३० | मा. जनार्दन शर्मा | रुकुम (पश्चिम) | संघीय सांसद | | मार्फत जिसस प्रमुख कैलास वली | | थर्मल गन १ वटा | | |
| २२ | २०७७।०१।०१ | रुक्मिणी बचत तथा ऋण सहकारी संस्था | रुकुम (पूर्व) | सिस्ने गाउँपालिका | ६ | रुकुमकोट | | ३०००० | | |
| २३ | २०७७।०१।०१ | बिमला रोका श्रेष्ठ | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ३ | झुम्लाबाङ | शा.अ., जिसस रुकुम (पूर्व) | १०००० | | |
| २४ | २०७७।०१।०३ | भूमे गापा कर्मचारी तभबाट योगदान | | | | | कार्यपालिका सदस्य, | १५८२८३ | | |
| २५ | २०७६।१२।२१ र २०७७।०१।०५ | स्वास्थ्य कार्यालय | रुकुम (पूर्व) | | | रुकुमकोट | मास्क १०० Pc, Gloves - 2 Pcs, स्यानिटाइजर (५ लि) २ वटा, मास्क १०० पिस, ग्लोब्स १०० पिस | | | |
| २६ | २०७७।०१।०७ | कोइचा पर्वतीय साना किसान कृषि सहकारी संस्था लि. | रुकुम (पूर्व) | भूमे गाउँपालिका | ६ | महत | ६ नं वडाध्यक्ष, भूमे गाउँपालिका | १६००० | | |
| २७ | २०७७।०१।१४ | मा. कमला रोका | रुकुम (पूर्व) | संघीय सांसद | | | मास्क १०००, स्यानिटाइजर (सानो) ३० बोतल र राष्ट्रिय आविष्कारबाट प्राप्त PPE ११ सेट | | | |
| २८ | २०७७।०१।१६ | निर्माण व्यवसायीहरु भूमे गाउँपालिका | रुकुम (पूर्व) | भूमे गाउँपालिका | आमोल निर्माण सेवा प्रा.लि., खाम विल्डर्स प्रा.लि., सन्तोष निर्माण सेवा, स.जि.स. निर्माण सेवा, ब्लू माउन्टेन सेवा, गडिल निर्माण सेवा, नविन इन्फोटेक, सनलाइट इन्जिनियरिङ, जय विकास निर्माण सेवा, प्रभात निर्माण सेवा | | | ३०००० | | |
| २९ | २०७७।०१।१६ | गणेश वली | रुकुम (पश्चिम) | त्रिवेणी गाउँपालिका | ७ | राजकोट | लेखा अधिकृत, भूमे गाउँपालिका | ४००० | | |
| ३० | २०७७।०१।१६ | विजय बाँठा मगर | रुकुम (पश्चिम) | सानीभेरी गाउँपालिका | ५ | मेलचौर | लेखा सहायक पाँचौं भूमे गाउँपालिका | २५०० | | |

## सातामा शाखा तथा कार्यालयहरुबाट सम्पादन भएका कामको विवरण

### Covid-19 रोकथाम तथा तयारी सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | क्वारेन्टाइन संख्याः | ४ | लुकुम, सिमा, झुम्लाबाङ, साकिम |
| २. | क्वारेन्टाइनको क्षमता | ४५ | |
| ३. | हेल्प डेस्क | १ | गाउँ कार्यपालिका कार्यालय |
| ४. | हेल्थ डेस्क | ११ | |

## भारत लगायत विदेशी मुलुकबाट आएका व्यक्तिहरुको विवरण

| क्र | नाम, थर | लिङ्ग | उमेर (वर्ष) | वडा | गाउँ/टोल | सम्पर्क नं. | बाबुको नाम | आएको मिति |
|---|---|---|---|---|---|---|---|---|
| 1 | लयन सरी घर्ती | महिला | २८ | १ | लुकुम मुलबाङ | ९८२२९०१८८९४ | लहुर बहादुर बुढा | २०७६।१२।०३ |
| 2 | राज विर पुन | पुरुष | ४१ | १ | लुकुम रूजिखोला | | राम बहादुर पुन | २०७६।११।१५ |
| 3 | श्री प्रसाद गूरुङ | पुरुष | ४१ | १ | लुकुम पञ्चासे | ९८१२८७८३०९ | धर्म गुरुङ | २०७६।११।२६ |
| 4 | मान बहादुर पुन | पुरुष | ३७ | ३ | सिमा | | ओजे पुन | २०७६।१२।०१ |
| 5 | विर वहादुर थापा | पुरुष | ३७ | ३ | झुम्लाबाङ | ९८६०२२९००४ | समशेर थापा | २०७६।१२।०९ |
| 6 | कमला सुनार | महिला | ६२ | ३ | मोराबाङ | | कल प्रसाद सुनार(श्रीमान) | २०७६।१२।०७ |
| 7 | श्रीकुमार बुढा मगर | पुरुष | ३० | ४ | काडाँ | ९८०३०५६७८७ | वेन बहादुर बुढामगर | २०७६।११।३० |
| 8 | निम बहादुर विक | पुरुष | २९ | ४ | काडाँ | ९८४९७०८९६३ | सरजन कामी | २०७६।१२।०१ |
| 9 | गंगा नेपाली | महिला | ५२ | ६ | महत | ९८६३५२२१६१ | गगने नेपाली | २०७६।११।२८ |
| 10 | बरमान वली | पुरुष | ३२ | ६ | महत | ९८२८०२२१६६ | कर्ण बहादुर वली | २०७६।११।३० |
| 11 | प्रताव बुढा | पुरुष | ५५ | ६ | महत | ९८६६०८१७५८ | तुलाराम बुढा | २०७६।११।२१ |
| 12 | जोखमाया बुढा | महिला | ५३ | ६ | महत | ९८६६०८१७५८ | गणेश रोका | २०७६।११।२१ |
| 13 | लक्ष्मण बुढा | पुरुष | २४ | ६ | महत | 9810970219 | राजधन बुढा | २०७६।१२।११ |
| 14 | भागीमान बुढा | पुरुष | ५० | ६ | महत | ० | पुर्ण बहादुर बुढा | २०७६।१२।११ |
| 15 | नर बहादुर नेपाली | पुरुष | ४८ | ६ | महत | ९८६३५२२१६१ | उजराम नेपाली | २०७६।१२।०१ |
| 16 | आन्नद सुनार | पुरुष | ४९ | ६ | महत | ९८६३५२२१६१ | जग बहादुर सुनार | २०७६।१२।०१ |
| 17 | सुदिप बुढा | पुरुष | ३० | ६ | महत | ९८०६२०१२०२ | पञ्चलाल बुढा | २०७६।१२।०३ |
| 18 | विषु नेपाली | पुरुष | ८ | ६ | महत | ९८६३५२२१६१ | नर बहादुर नेपाली | २०७६।१२।०१ |
| 19 | सिद्वार्थ नेपाली | पुरुष | ४ | ६ | महत | ९८६३५२२१६१ | " | २०७६।१२।०१ |
| 20 | म्याक नेपाली | पुरुष | १.२ | ६ | महत | ९८६३५२२१६१ | " | २०७६।१२।०१ |
| 21 | ज्योती नेपाली | महिला | ६५ | ६ | महत | ९८६३५२२१६१ | नर बहादुर नेपाली (ज्वाई) | २०७६।१२।०१ |
| 22 | ओम प्रकाश बुढा | पुरुष | १९ | ७ | रिसालचौर | | | २०७६।१२।०९ |
| 23 | अनिल सुनार | पुरुष | १७ | ७ | लाबाङ | ९८२३१०१६६१ | कमल सुनार | २०७७।०१।१० |
| 24 | ओम प्रकाश पुन | पुरुष | २० | ९ | गोठिबाङ | ९८४८३४९३२३ | भिम बहादुर पुन | २०७६।१२।०३ |
| 25 | राम कुमार रोका | पुरुष | २८ | ९ | खाल मसिना | ९८६६२४२८८७ | मानसिङ रोका | २०७६।१२।०३ |
| 26 | संकल्प दमाई | पुरुष | २४ | ९ | गोर्जाले | ९८४९०६५०५४ | मन बहादुर परियार | २०७६।१२।१० |
| 27 | मन बहादुर दमाई | पुरुष | ४५ | ९ | गोर्जाले | ९८६५७०८२८४ | तिलविर नेपाली | २०७६।१२।१० |
| 28 | जय बहादुर खड्का | पुरुष | ५२ | ९ | बिजौरा | ९८४७९९९४४० | रघुविर खड्का | २०७६।१२।०६ |
| 29 | दिनेश कुमार ओली | पुरुष | २९ | ९ | चुन्बाङ लुम्मा | ९८६८६६९६५८ | | २०७६।१२।०६ |

नीलो रङ RDT परीक्षण भएको

## गाउँपालिका अन्तर्गत रहेका हेल्प डेस्क तथा हेल्थ डेस्क र स्वास्थ्य संस्थाहरुको विवरणः

| भूमे गाउँपालकि अन्तर्गत रहेका कोरोना जोखिम नियन्त्रण हेल्थ डेस्कमा कार्यरत सम्पर्क व्यक्ति र चेकजाँचको विवरण | | | | | | बैशाख १ देखि हालसम्मको चेक जाँच | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Health Centers | | | | | कूल जाँच | चेक जाँच | | १००.४ बढी ज्वरो भएका | | खोकी लागेका | | भारतबाट आएका | | अन्य देशबाट आएका | | नेपाल भित्रै | |
| हेल्थ डेस्क/सेन्टर | वडा | स्थान | सम्पर्क व्यक्ति | सम्पर्क फोन | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| Khabang Health Desk | २ | खाबाङबगर | Sanjiv Khadka | 9812827249 | 458 | 167 | 291 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 122 | 183 |
| Help Center | २ | गापा कार्यालय | Upendra Yadav | 9809889765 | 108 | 38 | 70 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 40 | 46 |
| Health Center Lukum | १ | Lukum | Aruna r maga | 9808233077 | 9 | 5 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 |
| Corona Health Center Kankri | २ | त्रिवेणी काँक्री | Tilak Roka | 9822936399 | 124 | 27 | 97 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 25 | 84 |
| Jhumlabang Health Center | ३ | झुम्लाबाङ | Shiva kumar budha | 9822822332 | 51 | 37 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 37 | 13 |
| Corona Health Center Sima | ३ | सिमा | Bibek Khadka | 9845636252 | 142 | 40 | 102 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 0 | 36 | 80 |
| Corona Health Center Kanda | ४ | काँडा | Pokhar Bohara | 9866961206 | 20 | 13 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 13 | 7 |
| Serabang Health Center | ५ | सेराबाङ | prakash bk | 9868314577 | 108 | 62 | 46 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 63 | 47 |
| Corona Health Center Mahat | ६ | महत | Jhakku pun | 9810914647 | 12 | 12 | 0 | 0 | 0 | 12 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| Dharmashala Health Center | ७ | धर्मशाला | Sumitra Budha | 9741215550 | 30 | 13 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 1 | 7 | 10 |
| Korja Health Center | ८ | कोर्जा | Parbati pun | 9812803534 | 100 | 60 | 40 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 37 | 28 |
| Kuchibang Health Center | ८ | कुचिबाङ | Madan budha | 9822919766 | 4 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 2 |
| Corona Health Center Chunwang | ९ | चुनबाङ | Chitra Bista | 9867406587 | 190 | 73 | 117 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 76 | 97 |
| जम्मा | | | | | 1,356 | 549 | 807 | 0 | 0 | 12 | 0 | 0 | 0 | 11 | 8 | 459 | 0 |